# भंगहा नगरपालिका


स्थानीय राजपत्र

खण्ड : ४ | संख्या : ६ | मितिः २०८१/०८/२८


भाग-२

# करारमा शिक्षक नियुक्ति सम्बन्धी कार्यविधि, २०८१

# करारमा शिक्षक नियुक्ति सम्बन्धी कार्यविधि, २०८१

नगर कार्यपालिकाबाट स्वीकृत मिति २०८१/०८/१०

सामुदायिक विद्यालयको स्वीकृत दरबन्दीमा करारमा शिक्षक नियुक्ति सम्बन्धी व्यवस्थालाई व्यवस्थित र मर्यादित बनाउन तथा शिक्षक नियुक्ति सम्बन्धी बाधा अडकाउ फुकाउन आवश्यक भएकोले भंगहा नगरपालिका शिक्षा ऐन २०७५ को दफा ३७ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद १- प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम करारमा शिक्षक नियुक्ति सम्बन्धी कार्यविधि, २०८१ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "नगरपालिका" भन्नाले भंगहा नगरपालिकाई सम्झनु पर्दछ ।

ख) "ऐन" भन्नाले भंगहा नगरपालिकाशिक्षा ऐन, २०७५ सम्झनुपर्छ

ग) “नियमावली” भन्नाले भंगहा नगरपालिकाको शिक्षा नियमावली २०७५ सम्झनुपर्दछ ।

घ) "प्रमुख" भन्नाले भंगहा नगरपालिकाका प्रमुखलाई सम्झनुपर्दछ ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भंगहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

च) "शाखा" भन्नाले शिक्षा शाखालाई सम्झनुपर्छ ।

छ) "नगर शिक्षा अधिकारी" भन्नाले शिक्षा शाखा प्रमुखको जिम्मेवारी सम्हाल्न तोकिएको कर्मचारीलाई सम्झनुपर्छ ।

ज) "विद्यालय व्यवस्थापन समिति" भन्नाले नियमावलीको दफा २६ बमोजिम गठन भएको समिति सम्झनुपर्छ ।

झ) "शिक्षक" भन्नाले स्वीकृत दरबन्दी, राहत अनुदान कोटा, शिक्षण अनुदान कोटा, प्राविधिकधार संचालित विद्यालयका अनुदान शिक्षक (प्रशिक्षक) र लियनमा कार्यरत शिक्षकलाई सम्झनुपर्छ ।

ञ) "विशेषज्ञ" भन्नाले माध्यमिक र निम्न माध्यमिक तहको हकमा विषय विशेषज्ञ र प्राथमिक तहको हकमा नगरपालिकामा सूचीकृत भएको विशेषज्ञ सम्झनुपर्छ ।

भंगहा नगरपालिकाको स्थानीय राजपत्र

## परिच्छेद २ - पदपूर्ति र छनोट प्रकृया

**३. पदपूर्तिः**(१) सामुदायिक विद्यालयमा शिक्षक पद रिक्त भएमा विद्यालयले रिक्त भएको तह, श्रेणी र विषय खोली सात दिनभित्र जानकारी दिनुपर्नेछ ।

(२) उपदफा (१) वमोजिम रिक्त पदमा विद्यालयले विद्यालय व्यवस्थापन समितिको निर्णय सहित पन्ध्र दिनभित्र नगरपालिकामा पदपूर्ति अनुमति माग गर्नुपर्नेछ ।

३) पदपूर्ति माग भएकोमा शाखाले तह, श्रेणी र विषय खोली पदपूर्ति अनुमति दिनेछ ।

४) पदपूर्तिकोलागि अनुमति प्राप्त भएपछि विद्यालयले नियमावलीको नियम ५८ बमिजिमा एक शिक्षक छनौट समिति गठन गर्नुपर्ने छ ।

४) पदपूर्ति अनुमति प्राप्त भएपछि विद्यालयले दैनिक पत्रिका तथा सामाजिक संजालमा १५ दिनको विज्ञापनको सूचना प्रकाशित गर्नुपर्नेछ ।

५) विज्ञापनको म्याद समाप्त भएपछि नियमावलीको नियम ५८ बमोजिमको छनोट समितले शिक्षक छनोट गरी करारमा शिक्षक नियुक्ति गर्न विद्यालय व्यवस्थापन समितिलाई सिफारिस गर्नेछ ।

**४. छनोट प्रक्रियाः** (१) करारमा शिक्षक छनोट गर्दा शिक्षक सेवा आयोगले सम्बन्धित तह र विषयका लागि निर्धारण गरेको पाठ्यक्रमअनुसार परीक्षा सञ्चालन गर्नुपर्नेछ ।

(२) लिखित परीक्षा र अन्तरवार्ता समेतबाट उच्चतम अंक प्राप्त गर्ने उम्मेदवारलाई छनोट समितिले सफल उम्मेदवारको रुपमा करार नियुक्तिका लागि विद्यालय व्यवस्थापन समिति समक्ष सिफारिस गर्नेछ ।

(३) शिक्षक छनोट गर्दा शिक्षक सेवा आयोगबाट तोके वमोजिमको संख्यामा वैकल्पिक उम्मेदवार छनोट गर्नुपर्नेछ ।

(४) ऐनको दफा २१ बमोजिम छनोट समितिमा विशेषज्ञ छनोट गर्दा नगरपालिकामा सूचिकृत विषय विशेषज्ञ मध्येबाट परीक्षा सञ्चालन हुने दिन बिहान छनोट समितिका अध्यक्ष, सदस्य र सदस्य सचिवको रोहवरमा गोला प्रथाद्वारा छनोट गर्नुपर्नेछ ।

(५) छनोट समितिमा वडा अध्यक्ष वा निजले तोकेको वडा समितिको सदस्य पर्यवेक्षकका रुपमा रहन सक्नेछन्।

## परिच्छेद ३– विशेषज्ञसम्बन्धी व्यवस्था

**५. विशेषज्ञ सूचीकरण प्रक्रिया:** (१) ऐनको दफा २१ बमोजिमको कार्य गर्न विशेषज्ञ हुन चाहने स्थायी शिक्षकले नगरपालिकाले सूचना प्रकाशित गरी तोकेको अबिधभित्र निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशित गर्दा निवेदन साथ संलग्न हुनुपर्ने कागजातहरु र निवेदन दस्तुर समेत तोकिनेछ ।

(३) महाशाखाले उपदफा (१) र (२) बमोजिम निवेदन दिएका शिक्षकहको निवेदन छानबिन गरी प्राथमिक निम्न माध्यमिक र माध्यमिक तहका लागि छुट्टा छुट्टै विशेषज्ञ सूची प्रकाशित गर्नेछ।

(४) उपदफा (२) बमोजिम सूची प्रकाशन गर्दा निम्न माध्यमिक र माध्यमिक तहका लागि विशेषज्ञ हुने विषय समेत खुलाई प्रकाशन गर्नुपर्नेछ ।

**६. विशेषज्ञको योग्यता:** विशेषज्ञ हुन देहायको योग्यता हुनुपर्नेछ ।

क) सम्वन्धित तहमा स्थायी सेवा अवधि एक वर्ष पूराभै कम्तीमा तीन वर्षको शिक्षण अनुभव भएको

ख) प्राथमिक तहका लागि स्नातक वा सो सरह र तालिम प्राप्त

ग) निम्न माध्यमिक तहका लागि सम्बन्धित विषयमा स्नातक वा सो सरह र तालिम प्राप्त

घ) माध्यमिक तहका लागि स्नातकोत्तर वा सो सरह र तालिम प्राप्त ।

**७. विशेषज्ञ छनोट सम्बन्धी व्यवस्था:** (१) कुनै विषयमा कम्तीमा चार जना विशेषज्ञ सूचीकृत नभएमा वा सूचीकृत विशेषज्ञ उपलब्ध नभएमा शिक्षा विकास तथा समन्वय इकाई, जलेश्वर, महोत्तरीमा सूचीकृत विशेषज्ञबाट समेत छनोट गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमका विशेषज्ञबाट गोलाप्रथाबाट छनोट समितिले विशेषज्ञ छनोट गर्नेछ ।

(३) शिक्षा विकास तथा समन्वय इकाई, जलेश्वर, महोत्तरीमा सूचीकृत विशेषज्ञको सूची महाशाखाले माग गरी अभिलेख राख्नेछ ।

**८. बैकल्पिक व्यवस्था:** (१) कुनै विद्यालयमा विद्यालय व्यवस्थापन समिति रिक्त रही नियमावलीको नियम ५८ बमोजिम शिक्षक छनौट समिति गठन हुन नसकेको अवस्थामा नगर शिक्षा समितिले तपसिल बमोजिमको एक बैकल्पिक शिक्षक छनौट समिति गठन गरि करारमा शिक्षक नियुक्ति गर्न सकिनेछ |

तपसिल

१. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको एकजना अधिकृत - संयोजक

२. शिक्षा विकास तथा समन्वय इकाई, जलेश्वर, महोत्तरीको एक जना अधिकृत स्तरको प्रतिनिधि - सदस्य

३. शिक्षा शाखा प्रमुख वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी/सम्बन्धित विद्यालयको प्र.अ. - सदस्य सचिव

(२) उपनियम १ बमोजिम गठित छनौट समितिले कम्तीमा पन्ध्र दिनको सार्वजनिक सूचना सम्भाव्य सवै माध्यमवाट प्रकाशन गर्नुका साथै वडा कार्यालय, नगरपालिका र सम्बन्धित विद्यालय समेतमा त्यस्तो सूचना टाँस्नु पर्नेछ। यस्तो सुचना सम्बन्धित स्थानीय तहको वेवसाईट मा समेत राख्ने व्यवस्था मिलाउनु पर्ने छ।

(३) उपनियम १ बमोजिम गठित शिक्षक छनौट समितिले नियमानुसार शिक्षक छनौट गरि नियुक्तिको लागि शिक्षा समिति समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपनियम ३ बमोजिम नियुक्तिको लागि सिफारिस भएको शिक्षकलाई ५ दिन भित्र बढीमा १ बर्षको लागि करारमा नियुक्ति दिई सम्बन्धित विद्यालयमा हाजिरीको लागि पदस्थापन गर्नु पर्नेछ ।

(५) उपनियम ४ बमोजिम नियुक्तिलीइ पदस्थापन भएको शिक्षकलाई सम्बन्धित विद्यालयले ३ दिन भित्र हाजिरी गराई कामकाजमा खटाउनु पर्ने छ । त्यसको लिखित जानकारी नगरपालिकाको शिक्षा शाखामा र शिक्षा विकास तथा समन्वय इकाइ, जलेश्वर, महोत्तरीमा गराउनु पर्दछ ।

## परिच्छेद ४ – करार नियुक्ति

९. **करारमा शिक्षक नियुक्तिः** (१) यस कार्यविधि बमोजिम छनोट भएको शिक्षकको बढीमा एक शैक्षिक सत्रका लागि विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार विद्यालयले करारमा नियुक्ति गर्नेछ ।

२) करार नियुक्ति भएका शिक्षकको अभिलेखका लागि फाइल खडा गरी १५ दिनभित्र नगरपालिकामा पेस गर्नुपर्नेछ ।

३) विद्यालयले करारमा शिक्षक नियुक्ति गरेको जानकारी अभिलेख हस्तान्तरण नहुँदासम्म शिक्षा विकास तथा समन्वय इकाइमा समेत दिनुपर्नेछ ।

४) शिक्षक सेवा आयोगबाट स्थायी शिक्षक नियुक्ति भै आएमा करारमा नियुक्ति भएको शिक्षक जुनसुकै बेला सेवाबाट अवकास हुनेछ ।

**१०. वैकल्पिक उम्मेदवारले नियुक्ति पाउने**: ( १ ) सफल उम्मेदवारले सिफारिस भएको मितिले सात दिनभित्र करार नियुक्ति लिई विद्यालयमा हाजिर हुनुपर्नेछ ।

(२) उपदफा (१) वमोजिम सफल उम्मेदवारले करार नियुक्ति नलिएमा वा नियुक्ति लिई १५ दिन भित्र हाजिर नभएमा बैकल्पिक उम्मेदवारलाई नियुक्ति दिइनेछ ।

**११. स्वयंसेवक शिक्षक सम्बन्धी व्यवस्थाः** (१) प्रसुती विदा वा अन्य कुनै प्रकारको लामो विदा वा कार्यरत शिक्षक अशक्त भएमा कार्यरत शिक्षकको सट्टामा विद्यालय व्यवस्थापन समितिले विद्यालयको पठनपाठनमा असर नपर्ने गरी स्वयंसेवक शिक्षक छनोट गरी पठनपाठनको व्यवस्था मिलाउनेछ ।

(२) उपदफा (१) वमोजिम नियुक्त शिक्षकले नगरपालिकाले तोकेबमोजिम निश्चित रकम अनुदान स्वरुप उपलब्ध गराउनेछ ।

**१२. उजुरी सम्बन्धी व्यवस्थाः** १) करारमा शिक्षक नियुक्ति सम्बन्धी विषयमा चित्त नबुझेमा उम्मेद्वारले नगरपालिकामा कारण र आधार खोली उजुरी दिन सक्नेछन ।

२) उपदफा (१) बमोजिम प्राप्त उजुरीमा छानविन गर्न देहाय बमोजिम एक उजुरी छानबिन समिति रहनेछ ।

| | |
|---|---|
| क) प्रमुख प्रशासकीय अधिकृत- | संयोजक |
| ख) शाखा प्रमुख - | सदस्य |

ग) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत-     सदस्य सचिव

३) समितिले उजुरी उपर छानविन गरी आवश्यक निर्णय गर्नेछ ।

**१३. पारिश्रमिक सम्बन्धी व्यवस्थाः** छनोट समितिमा रहने सदस्यहरुले विद्यालय व्यवस्थापन समितिले तोके बमोजिमको पारिश्रमिक पाउने छन् ।

**१४. यस कार्यविधि बमोजिम हुनेः** यस कार्यविधिमा लेखिएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

**१५. कार्यविधिको व्याख्याः** यो कार्यविधिको व्याख्या नगर कार्यपालिकाले गरे बमोजिम हुनेछ ।

आज्ञाले,
विजय कुमार यादव
नि.प्रमुख प्रशासकिय अधिकृत

भंगाहा नगरपालिकाको स्थानीय राजपत्र